## लुम्बिनी प्रदेश

# प्रदेश विपद् प्रतिकार्य कार्यढाँचा

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

**असार, ०८२**

**दस्तावेजको नाम** : प्रदेश विपद् प्रतिकार्य कार्यढाँचा, २०८२, लुम्बिनी प्रदेश

**प्रकाशक** : आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश

**तयार गरिएको वर्ष** : २०८२

**समन्वय तथा सहकार्य** : प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, विषयगत क्षेत्रहरू, सुरक्षा निकाय

**प्राविधिक सहयोग** : सहरी विपद् तथा भूकम्पीय पूर्वतयारी परियोजना

# विषयसूची


१. पृष्ठभूमिः.......................................................................................५

२. उद्देश्यः.......................................................................................६

३. कार्यक्षेत्रः.......................................................................................६

४. विपद् प्रतिकार्य सम्बन्धी नीति तथा कानुनी व्यवस्थाः.......................................८

५. संघीय सहयोगको परिचालन,' समन्वय र सहजीकरणः.......................................११

६. अन्तर्राष्ट्रिय सहयोगको परिचालन, समन्वय र सहजीकरणः.......................................११

७. प्रदेश विपद् प्रतिकार्यको कार्य सञ्चालन व्यवस्थाः.......................................१५

८. प्रदेश विपद् प्रतिकार्यको स्वरूपः.......................................१८

९. विपद् प्रतिकार्य पूर्वतयारी कार्ययोजनाः.......................................३१

९.१. प्रदेश विपद् पूर्वतयारी कार्ययोजनाः.......................................३१

९.२. जिल्ला तथा स्थानीय विपद् प्रतिकार्य कार्ययोजनाः.......................................३८

१०. प्रदेश-प्रदेश बिचको समन्वय, सहकार्य र सहजीकरणः.......................................३९

११. आदेश तथा निर्देशनको पालनाः.......................................३९

अनुसूचीहरू.......................................४०

अनुसूची १: सन्दर्भ सामग्रीहरू.......................................४०

अनुसूची २: समीक्षा गरिएका कागजातहरूको सूची.......................................४१

अनुसूची ३: प्रदेश प्रतिकार्य, समन्वय, सहजीकरण र सहकार्य कार्यढाँचा.......................................४२

अनुसूची ४: प्रभावित स्थान कार्यसञ्चालन र बहुराष्ट्रिय सैनिक परिचालन कार्यढाँचा.......................................४३

अनुसूची ५: प्रदेशमा विपद् व्यवस्थापन समन्वय कार्यढाँचा.......................................४४

अनुसूची ६: अन्तर प्रदेश समन्वय, सहकार्य र सहजीकरण.......................................४५

# संक्षिप्त सूची

| | | |
|---|---|---|
| APF | : | Armed Police Force |
| CCCM | : | Camp Coordination and Camp Management |
| EOC | : | Emergency Operation Center |
| FAO | : | Food and Agriculture Organization |
| FNCCI | : | Federation of Nepalese Chamber of Commerce and Industries |
| GIS | : | Geographic Information System |
| IFRC | : | International Federation of Red Cross and Red Crescent Societies |
| IOM | : | International Organization for Migration |
| INSARAG | : | International Search and Rescue Advisory Group |
| LOEC | : | Local Emergency Operation Center |
| OSOCC | : | On-Site Operation Coordination Center |
| MNMCC | : | Multinational Military Coordination Center |
| NACRIMAC | : | Nepali Army Crisis Management Center |
| NA | : | Nepal Army |
| NEOC | : | National Emergency Operation Center |
| PEOC | : | Province Emergency Operation Center |
| PFPA | : | Provincial Focal Point Agency |
| NP | : | Nepal Police |
| SMS | : | Short Message Service |
| SOP | : | Standard Operating Procedure |
| Sub-OSOCC | : | Sub-On-Site Operation Coordination Center |
| Sub-MNMCC | : | Sub-Multi-National Military Coordination Center |
| UNICEF | : | United Nations Children's Fund |
| UNDP | : | United Nations Development Programme |
| UNDAC | : | United Nations Disaster Assessment and Coordination Team |
| UN Habitat | : | United Nations Habitat |
| UNHCR | : | United Nations High Commissioner for Refugees |
| UNFPA | : | United Nations Population Fund |
| UNWOMEN | : | United Nations Women |
| SC | : | Save the Children |
| WASH | : | Water, Sanitation and Hygiene |
| WFP | : | World Food Programme |
| WHO | : | World Health Organization |

# भाग : १

## १. पृष्ठभूमिः

नेपाल कमजोर भौगर्भिक (geological) तथा भू-धरातलीय (terrestrial) बनोट, सक्रिय भूकम्पीय क्षेत्र एवम् गतिशील पर्वतीय श्रृङ्खला, मौसमी विषमता तथा जलवायु परिवर्तनको (climate change) कारणहरूले प्राकृतिक तथा गैर-प्राकृतिक प्रकोपहरूबाट अत्याधिक जोखिममा रहेको मुलुकमा पर्दछ[1] । नेपालमा प्राकृतिक स्रोतहरूको अत्याधिक दोहन, वन फडानी वातावरणीय ह्रास तथा अव्यवस्थित सहरीकणले गर्दा प्रकोपको जोखिम अत्याधिक बढ्दै गएको देखिन्छ। विश्वव्यापी जलवायु परिवर्तनले नेपालका सबै क्षेत्रलाई असर गर्ने र विपद् अवस्था थप बढ्न सक्ने चुनौतीपुर्ण अवस्था रहेको कारण कुल जनसंख्याको करिब ८० प्रतिशतभन्दा बढी जनसंख्या प्राकृतिक प्रकोपबाट जोखिममा रहेका छन नेपालमा हरेक वर्ष औसत ५०० भन्दा वढी विपद्का घटनाहरू हुने गरेको र परिणामस्वरूप ठुलो मात्रामा भौतिक संरचना र मानवीय क्षति हुनुका साथै सर्वसाधारण जनाताको जीविकोपार्जनमा समेत प्रतिकूल असर पर्ने गरेको छ ।लुम्बिनी प्रदेशमा वि.सं.२०७२ बैशाख महिनादेखि चैत्र २०८१ सम्म सबै प्रकारको विपद्को *(बाढी, पहिरो, आगलागि, चटयाङ, डुबान, शितलहर, हावाहुरी र महामारी)* घटनाहरुमा।(श्रोत PEOC, लुम्बिनी) । तर नेपालमा आपतकालीन अवस्थाको लागि पर्याप्त पूर्वतयारी, दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोबस्ती तथा राहात सामग्रीहरुको कमी हुनु प्रमुख समस्याको रूपमा रहेको छ ।

नेपालका ७ वटा प्रदेशहरुमध्ये लुम्बिनी प्रदेश पनि सक्रिय भूकम्पीय क्षेत्रमा पर्दछ । विषेश गरी कमजोर भौगर्भिक (geological) एवम् भू-भौतिकीय (geophysical) अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनको (climate change) कारणले गर्दा यो प्रदेश प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट थप जोखिममा रहेको छ। यस प्रदेशमा हरेक वर्ष निरन्तर दोहोरिरहने बाढी, पहिरो, भूकम्प, आगजनी एवम् महामारी लगायतका प्राकृतिक तथा गैर-प्राकृतिक विपदबाट वर्षेनी हुँदै आएको मानवीय तथा सार्वजनिक, निजी सम्पत्ति, सांस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यले लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/२०८२ -२०८५/२०८६) को परिच्छेद १० मा अन्तर सम्बन्धित विषयगत क्षेत्रमा, ˝ विपद् उत्थानशिल विकास : विपद् जोखीम सुरक्षित प्रदेश" दिर्धकालीन सोचको रुपमा राखीएको छ। यसै गरी सोही अनुच्छेदमा बिपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि नीतिगत तथा कानुनी व्यवस्थालाई सुदृढ तथा समयानुकुल बनाउने कार्यनितिको रुपमा रहेको छ । संघीय शासन प्रणाली अनुरूप

[1] राष्ट्रिय योजना आयोग- २०१५; गृह मन्त्रालय- २०१८

प्रदेशस्तरमा **राष्ट्रिय विपद् प्रतिकार्य कार्यढांचा २०७० (प्रथम संशोधन २०७५)** (National Disaster Response Framework, 2070, revised version 2075) अनुकूल हुने गरी विपद्पूर्वको तयारी, प्रतिकार्य, पुनर्स्थापना र पुनर्लाभ व्यवस्थापन कार्यहरू समयमै, समन्वयात्मक र प्रभावकारी रूपमा गर्न प्रदेशस्तरमा विपद् प्रतिकार्य कार्यढाँचा (Province Disaster Response Framework) तर्जुमा गरी कार्यन्वयन गर्न आवश्यक भएकोले प्रदेश प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा २ बमोजिम प्रदेश सरकारले यो प्रदेश विपद् प्रतिकार्य कार्यढाँचा २०८२ जारी नियमित गर्ने गरेको छ।

## २. उद्देश्यः

यो विपद् प्रतिकार्य कार्यढाँचाको मूल उद्देश्य विपद्पूर्व (पूर्वतयारी), विपद् र विपद्पश्चात समन्यात्मक तथा प्रभावकारी प्रतिकार्य परिचालन गर्न दिशानिर्देश गर्नु रहेको छ। विपद् प्रतिकार्य कार्यढाँचाको विशिष्ट (Specific) उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :-

२.१. विपद् प्रतिकार्यमा संलग्न हुने सरोकारवाला निकाय तथा समूहको पहिचान, जिम्मेवारी, कृयाकलाप एवम् परिचालन स्पष्ट गरी प्रतिकार्यलाई व्यवस्थित र समन्वयात्मक रूपमा परिचालन गर्न सहज तुल्याउने,

२.२. जोखिममा रहेका व्यक्तिहरूको खोज तथा उद्धार, जीवन रक्षा तथा सार्वजनिक, निजी सम्पत्ति, प्राकृतिक स्रोत, सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न आवश्यक पर्ने स्रोत साधनको आंकलन गर्न सहयोग पुर्‍याउने,

२.३. विपद्ग्रस्त क्षेत्रमा बिरामी, महिला (गर्भवती, सुत्केरी), बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको हेरचाह एवम् शान्ति सु-व्यवस्था कायम गर्ने र अत्यावश्यक सेवाहरू प्रदान गर्न सहयोग पुर्याउने,

२.४. विपद् प्रतिकार्यमा पालना गर्नुपर्ने मानवीय सिद्धान्तहरू जस्तै-मानवता, निष्पक्षता, तटस्थता, र स्वतन्त्रता सुनिश्चत गर्ने,

२.५. विपद् पूर्वतयारीको लागि सरोकारवाला निकायहरूको जिम्मेवारी एवम् उपलब्ध स्रोत साधन- सहितको प्रभावकारी पूर्वतयारीको व्यवस्था गर्न सहयोग पुर्‍याउने।

## ३. कार्यक्षेत्रः

नेपालले ठुला स्तरको विपद्को अवस्थामा राष्ट्रिय प्रतिकार्यलाई प्रभावकारी रूपमा मार्गदर्शन र समन्वय गर्न संस्थागत व्यवस्था गर्ने उद्देश्यले वि.सं. २०७० (प्रथम संशोधन २०७५) मा

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा-NDRF लगायत थुप्रै नीतिगत व्यवस्था गरेको छ। उल्लेखित व्यवस्था अनुकूल हुने गरी प्रस्तुत प्रदेश विपद् प्रतिकार्य कार्यढाँचा (Province Disaster Response Framework) को कार्यक्षेत्र प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् पूर्वतयारी र आपतकालीन प्रतिकार्य (स्थानीय खोज, उद्धार र राहत कार्य) व्यवस्था एवम् सञ्चालन गर्ने रहेकोछ। उल्लिखित प्रतिकार्य ढांचालाई समन्वयात्मक र प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन देहाय बमोजिमको कार्यक्षेत्र कायम गरिएको छ :-

३.१. विपद् प्रतिकार्यको पूर्वतयारी, विपद् खोज तथा उद्धार समूहको परिचालन, जिउधनको बचाउ र सुरक्षा, जोखिमयुक्त अवस्थाबाट सुरक्षित स्थानान्तरण, जीवन रक्षाको लागि आवश्यक उद्दार तथा राहत सहयोग र सुरक्षित आपतकालीन प्रवन्ध, सार्वजनिक सम्पत्तिको संरक्षण र निजी तथा व्यावसायिक जीवनमा विपद् व्यवस्थापनको लागि तत्काल प्रतिकार्यका रूपमा गरिने कृयाकलापहरू गर्न योजना सञ्चालन गर्ने जस्ता कार्यहरू विपद् प्रतिकार्यको कार्यक्षेत्रको रूपमा लिइएको छ।

३.२. विपद् प्रतिकार्य कार्यढाँचा (Province Disaster Response Framework-PDRF) को कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र सबै सरोकावाला निकायको हुनेछ। प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले कार्यढाँचाको कार्यान्वयन गर्दा गराउँदा संघ, प्रदेश, जिल्ला र स्थानीय तहका मानवीय क्षेत्रमा क्रियाशील सरकारी तथा गैह्र-सरकारी निकाय र संघ-संस्थाहरूसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

३.३. यो प्रदेश विपद् प्रतिकार्य कार्यढाँचाको कार्यान्वय गर्ने प्रयोजनको लागि प्रदेश विपद् व्यवस्थापन परिषदको सदस्य सचिवले प्रमुख प्रदेश विपद् प्रतिकार्य नियन्त्रक भई कार्य गर्नु पर्नेछ।

३.४. यो प्रतिकार्य कार्यढांचा प्रदेश विपद् व्यवस्थापन परिषदको सिफारिसमा प्रदेश सरकारबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ।

३.५. यो प्रतिकार्य कार्यढाँचाको संशोधन प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त भएको पृष्ठपोषणको आधारमा प्रदेश विपद् व्यवस्थापन परिषद्ले गर्न सक्नेछ।

३.६. यो प्रदेश विपद् प्रतिकार्य कार्यढाँचाको कार्यान्वयनको क्रममा कुनै वाधाअड्चन वा द्धिविधा भएमा सोको निराकरण प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले आवश्यक

निर्णय लिई गर्नेछ।

३.७. यो प्रदेश विपद् प्रतिकार्य कार्यढाँचाको कार्यान्वयन गर्दा पूर्ण रूपमा मानवीय सिद्धान्तहरू मानवता (Humanity), तटस्थता (Neutrality), निष्पक्षता (Impartiality) र स्वतन्त्रता (Independence) को पालना तथा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (Gender equality, Disability and social inclusion) लाई अनिवार्य रूपमा ध्यान दिईनेछ।

३.८. विपद् प्रतिकार्य अन्तर्गतका विभिन्न मानवीय कार्यहरू जस्तै खोज, उद्धार, राहत वितरण, निजी तथा सार्वजनिक सम्पत्तिको संरक्षणका कार्यहरू गर्दा गराउँदा महिला तथा किशोरीहरूमाथि हुन सक्ने कुनै पनि किसिमको यौनिक दुर्व्यवहार, उत्पीडन र यौनिक दुराचार हुन, गर्न नदिन प्रतिकार्यमा खटिने सबै व्यक्तिको लागि आवश्यक आचारसंहिता निर्माण गर्ने गरी लागु गर्नु पर्नेछ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा प्रदेश सरकारका क्लस्टर नेतृत्व निकायहरूसँग नियमित क्लस्टर बैठकको लागि समन्वय र आवश्यकता अनुसार अन्तर-क्लस्टर समन्वय बैठक गर्नुपर्नेछ।

## ४. विपद् प्रतिकार्य सम्बन्धी नीति तथा कानुनी व्यवस्थाः-

४.१. नेपालको संविधानको अनुसूची - ६, ७, ८ र ९ मा उल्लिखित सङ्घ,प्रदेश र स्थानीय तहको अधिकारको सूची तथा विपद् प्रतिकार्यको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन २०७५) यो कार्यढाँचाका आधारभूत कानुनी व्यवस्था हुन्।

४.२. प्रदेशको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यलाई व्यवस्थित तथा प्रभावकारी वनाउन प्रादेशिक विपद् व्यवस्थापन कार्यसञ्चालन निर्देशिका, २०७८ तर्जुमा गरिएको छ।

४.३. प्रदेश तथा स्थानीय तहमा विपद् प्रतिकार्यको लागि खटिने जनशक्ति तथा स्रोत-साधन समेतको आंकलन गर्दा विद्यमान क्षमताले प्रतिकार्य गर्न तत्काल कठिनाई भएको अवस्थामा प्रदेश सरकारले विपद् संकटग्रष्त क्षेत्रमा आवश्यक मानवीय सहयोगको लागि संघीय सरकार तथा अन्य प्रदेश सरकारहरूसँग अनुरोध गर्न सक्नेछ। साथै, संघीय तथा अन्य प्रदेश सरकारबाट प्राप्त भएको सहयोगले पनि तत्काल कठिनाई भएको अवस्थामा प्रदेश सरकारले अन्तर्राष्ट्रिय सहयोगको लागि संघीय सरकारलाई

अनुरोध गर्न सक्नेछ।


४.४. नेपाललाई विपदबाट सुरक्षित, अनुकूलित र उत्थानशील राष्ट्रको रूपमा विकास गर्नको लागि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ तथा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०१८-२०३० कार्यान्वयनमा ल्याईएको छ। साथै, प्रदेश विपद् जोखिम न्यूनीकरण रणनीति कार्ययोजना २०७९-२०८७ कार्यान्वयनमा रहेको छ ।

४.५. लुम्बिनी प्रदेशलाई विपदबाट सुरक्षित, अनुकूलित र उत्थानशील राष्ट्रको रूपमा विकास गर्नको लागि विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७९-२०८७ कार्यान्वयनमा ल्याईएको छ।

४.६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा भएको प्रावधान अनुसार प्रदेश तथा स्थानीय तहमा रहेको विपद् व्यवस्थापन कोषको निश्चित अंश प्रदेश विपद् प्रतिकार्यको लागि प्रदेश सरकारले प्रत्येक वर्ष छुट्याउनु पर्नेछ ।

४.७. प्रदेशभित्र प्रदेश विपद् व्यवस्थापन परिषद, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति तथा जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिले विपद् प्रतिकार्य गर्ने, गराउने व्यवस्था रहेकोछ। उल्लिखित निकायहरूको तहगत स्वरूप देहाय बमोजिम रहेकोछः-

संघीय व्यवस्था (Federal Arrangement) प्रदेश व्यवस्था (Province Arrangement)




*नेपालमा विपद् व्यवस्थापनको तहगत स्वरूप (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसार)*

४.८. प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति अन्तर्गत रहेको प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र (Province Emergency Operation Centre-PEOC) ले विपद्

प्रतिकार्यको लागि सूचनाको सङ्कलन, विश्लेषण, अद्यावधिक एवम् व्यवस्थापन र प्रवाहका साथै आपतकालीन कार्ययोजना (महिला, बालवालिका, अपाङ्ग तथा लाक्षित वर्ग उत्तरदायी), बन्दोबस्ती सञ्चालन, खोज, उद्धार र राहतको लागि संघ, जिल्ला तथा स्थानीय तहका आपतकालीन कार्यसञ्चालन केन्द्रहरुसँग आवश्यक समन्वय र सञ्जाजालीकरण गर्नु पर्नेछ।

४.९. गोरखा भूकम्पपछिको राष्ट्रिय पुनर्निर्माण तथा पुनःस्थापना नीति, २०७२ तर्जुमा गरिएको र उक्त नीतिले विपद् पछिको पुनःनिर्माण र पुनःस्थापना कार्यका लागि दिशानिर्देश गरेको छ।

४.१०. संक्रामक रोग ऐन, २०२० ले जुनसुकै बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद्को तत्काल व्यवस्थापन गर्न र रोगको प्रकोप भएमा तोकिएको निकायलाई समयमै जानकारी गराउनु पर्ने व्यवस्था गरेको छ।

४.११. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार सङ्कटग्रस्त क्षेत्रको घोषणा गर्न सक्ने व्यवस्था गरिएको छ।

# भाग - २

## ५. संघीय सहयोगको परिचालन, समन्वय र सहजीकरणः

५.१. प्रदेश स्तरबाट मात्रै प्रतिकार्य पर्याप्तहुन नसकेको अवस्थामा संघीय सरकारको सहयोगबाट मानवीय सहयोग परिचाल हुन सक्नेछ।

५.२. संघीय सरकारको सहयोगबाट मानवीय सहयोग परिचालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यहरु राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन २०७५) बमोजिम हुनेछ। यसरी राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन २०७५) बमोजिम प्रतिकार्य गर्दा, गराउँदा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति तथा प्रमुख प्रदेश विपद् प्रतिकार्य नियन्त्रकसँग समन्वय गरी प्रतिकार्य सम्बन्धी कामकारबाही गर्नुपर्नेछ।

५.३. प्रतिकार्यको अवधिमा मानवीय खोज तथा उद्धार कार्यलाई सक्रिय तुल्याउन संघीय/केन्द्रीय कमाण्ड पोष्टले विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार खोज तथा उद्धार सम्बन्धी कामकारबाही गर्दा, गराउँदा प्रदेश कमाण्ड पोष्टसँग समन्वय गर्नु पर्नेछ। साथै, प्रदेश कमाण्ड पोष्ट तथा उप-पोष्टहरूले केन्द्रीय कमाण्ड पोष्टलाई खोज तथा उद्धार कार्यमा समन्वय र सहजीकरण गर्नु पर्नेछ।

५.४. विपद्को प्रभावकारी कार्यान्वयनको लागि राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र, प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपाल बिच स्वतः सँञ्चार संजाल स्थापित हुनेछ।

५.५. संघीय सरकारसँग समन्वय गरी प्रदेश सरकारले प्रदेश प्रतिकार्यको नियन्त्रण तथा समन्वय गर्नेछ। उक्त कार्य सञ्चालन तथा नियन्त्रण सम्बन्धी कार्य सञ्चालन गर्दा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले प्रदेशस्थित क्रियाशील खोज, उद्धार, तथा मानवीय सहायता सम्वन्धी कार्य संघ संस्थालाई छलफल तथा बैठकको लागि आमन्त्रण गर्न सक्नेछ।

## ६. अन्तर्राष्ट्रिय सहयोगको परिचालन, समन्वय र सहजीकरणः

६.१. विपद् पछिको समयमा प्रभावकारी रूपमा प्रतिकार्य सञ्चालन गर्नको लागि प्रदेश तथा

संघीय सरकारको आन्तरिक स्रोत-साधनले तत्काल कठिनाई भएको अवस्थामा प्रदेश सरकारले अन्तर्राष्ट्रिय सहयोगको लागि संघीय सरकारलाई अनुरोध गर्न सक्नेछ।

६.२. विपद् प्रतिकार्यको लागि अन्तर्राष्ट्रिय खोज, उद्धार तथा सहयोगको आवश्यकता भएको अवस्थामा सहायताको आग्रह तथा व्यवस्थापन नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय अनुसार तोकिए बमोजिम हुनेछ।

६.३. प्रदेशमा अन्तर्राष्ट्रिय मानवीय सहयोगको प्राप्ति, परिचालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यहरू राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा - २०७० (प्रथम संशोधन २०७५) बमोजिम हुनेछ। साथै संयुक्त राष्ट्रसंघसँग भएको नमुना सम्झौता, २०६३ (Model Agreement for Emergency Customs Procedure, 2007) बमोजिमका प्रावधानलाई आधार मानेर मानवीय सहयोगको प्राप्ति, परिचालन तथा व्यवस्थापन गरिनेछ।

६.४. अन्तर्राष्ट्रिय समुदायबाट राहत तथा जीवन रक्षा, खोज तथा उद्धार र औषधी उपचारका सामग्रीहरूमा कुनै पनि प्रदेश तथा स्थानीय शुल्कहरु लगाईने छैन। साथै संयुक्त राष्ट्रसंघसँग भएको नमुना संझौता, २०६३ (Model Agreement for Emergency Customs Procedure, 2007) बमोजिमका प्रावधान कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक सहयोगको प्रतिबद्धता व्यक्त गर्नुका साथै संघीय सरकारसँग समन्वय गरी अन्य आवश्यक सहजीकरणको व्यवस्था समेत मिलाईनेछ।

६.५. प्रदेशमा कार्यरत विषयगत क्षेत्रका सरकारी निकाय र सहयोगी निकायहरूबिच सामान्यतया देहाय बमोजिम विषयगत समन्वय हुनेछ।

| क्र.स | विषयगत क्षेत्र (Name of the Clusters) | नेतृत्वदायी निकाय (Lead Agency) | सह-नेतृत्वदायी निकाय (Co-lead Agency) |
|---|---|---|---|
| १ | स्वास्थ्य तथा पोषण (Health and Nutrition) | स्वास्थ्य मन्त्रालय | WHO, UNICEF |
| २ | खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) | सहरी विकास तथा खानेपानी मन्त्रालय | UNICEF |
| ३ | आपतकालीन आश्रयस्थल (Emergency Shelter) | भौतिक पूर्वाधार विकास मन्त्रालय | NRCS |
| ४ | खाद्य सुरक्षा (Food Security) | कृषि, भुमि व्यबस्था तथा सहकारी मन्त्रालय | WFP/FAO |
| ५ | शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM) | भौतिक पूर्वाधार विकास | IOM |

| क्र.स | विषयगत क्षेत्र (Name of the Clusters) | नेतृत्वदायी निकाय (Lead Agency) | सह-नेतृत्वदायी निकाय (Co-lead Agency) |
|---|---|---|---|
| | | मन्त्रालय | |
| ६ | संरक्षण (Protection) | सामाजिक विकास मन्त्रालय | UNICEF/UNFPA |
| ७ | शिघ्र पुनर्लाभ (Early Recovery) | सहरी विकास तथा खानेपानी मन्त्रालय | UNDP |
| ८ | शिक्षा (Education) | सामाजिक विकास मन्त्रालय | UNICEF and Save the Children |
| ९ | बन्दोबस्ती तथा आपत्कालीन संञ्चार (Logistics and Emergency Communication) | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | WFP |

६.६. उल्लिखित निकायहरूबिच दफा ६.४ बमोजिमको आपसी समन्वय कायम राख्न र सहजीकरण गर्न सम्बन्धित निकाय तथा संघ-संस्थाबाट विपद्सम्पर्क व्यक्तिहरू तोकिने छन्। यसरी सम्पर्क व्यक्ति तोक्दा सम्भव भएमा महिला, किशोरी तथा अन्य लक्षित वर्गका व्यक्तिलाई प्राथमिकता दिईनेछ।

६.७. विपद् प्रतिकार्यको समयमा विपद् सम्पर्क व्यक्तिहरूले नियमित बैठक गरी परिस्थितिको अध्यावधिक अध्ययन, विश्लेषण तथा मूल्याङकन सहित अल्पकालिन कार्य सञ्चालन स्थितिको प्रतिवेदन प्रदेश विपद् व्यवस्थापन परिषद्को सदस्य सचिवले प्रदेश विपद् कार्यकारी समिति र नेपाल सरकारलाई पेस गर्नु पर्नेछ।

६.८. नेपाल सरकारको अनुरोध बमोजिम आउने अन्तर्राष्ट्रिय खोज तथा उद्धार समूहको समन्वय तथा संयोजन नेपाल सरकारको निर्देशन बमोजिम नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय मानवीय सहायता संयोजकबाट हुनेछ। प्रदेश विपद् कार्यकारी समितिबाट अन्तर्राष्ट्रिय निकायहरुले गर्ने प्रतिकार्यको समन्वय, सहजीकरण र सहकार्य सामान्यतया अनुसूची - २ बमोजिम हुनेछ।

६.९. दफा ८.४ मा उल्लिखित विषयहरुको समन्वय, विमान स्थलमा सम्पर्क केन्द्रको स्थापना र खोज तथा उद्धार समूहको लागि कार्य सञ्चालन आधारस्थल व्यवस्थापनको सहजीकरण प्रदेश सरकारले गर्नेछ।

६.१०. विपद्को समयमा खोज तथा उद्धार कार्यको लागि आवश्यक पर्ने प्रतिकार्य सामग्री तथा उपकरण सहित नेपाल प्रवेश गर्ने समूहलाई स्थापित प्रकृयाहरूको अवलम्बन गर्न

छिमेकी तथा मित्र राष्ट्रसँग  नेपाल सरकारले आवश्यकता अनुसार द्विपक्षीय तथा बहुपक्षीय सम्झौता गर्न सक्ने व्यवस्था भए बमोजिम गरिएको सम्झौताको जानकारी नेपाल सरकारले प्रदेश सरकारलाई पनि गराउनेछ।

६.११. सङ्घीय सरकार (नेपाल सरकार) को आह्वानमा आएको खोज तथा उद्धार र मानवीय सहायता समूहका व्यक्तिहरुले आफनो कार्य पूरा गरेर फर्किने निश्चित मितिको पूर्व जानकारी सङ्घीय सरकार (नेपाल सरकार) मार्फत प्रदेश सरकारलाई समेत गराउनु पर्नेछ।

६.१२. खोज तथा उद्धार र मानवीय सहायता सामग्री सहित खटिएका स्थल वा हवाई मार्गबाट नेपाल आउने र नेपालबाट फर्किने प्रयोजनको प्राथिमिकीकरण कार्ययोजना नेपाल सरकाले तयार गर्नेछ र उक्त कार्ययोजनाको जानकारी प्रदेश सरकारलाई समेत गराउनु पर्नेछ। प्रदेश सरकारले कार्ययोजना कार्यान्वयन गर्न सहजीकरण र समन्वय गर्नु पर्नेछ।

६.१३. सङ्घीय सरकार (नेपाल सरकार) को निर्देशन र नियन्त्रणमा प्रभावित स्थान कार्य सञ्चालन समन्वय केन्द्र (on-site Operation Coordination Center) र बहुराष्ट्रिय सैनिक समन्वय केन्द्र (Multi National Military Coordination Center) सँग गर्ने सम्पर्क अनुसूची-३ बमोजिम हुनेछ। उक्त कार्यढाँचा अनुसार गर्न गराउन प्रदेश सरकारले आवश्यक समन्वय र सहजीकरण गर्नु पर्नेछ।

६.१४. प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको सदस्य-सचिव र विपद् प्रभावित स्थानको कार्य सञ्चालन तथा समन्वय केन्द्रले आपसी समन्वयमा अन्तर्राष्ट्रिय प्रतिकार्य कर्ताहरूको परिचालनको सहजीकरण र समन्वय गर्नेछन्। सदस्य-सचिवले विपद् प्रभावित क्षेत्रमा अन्तर्राष्ट्रिय राहत वितरण गतिविधिमा सहजीकरण गर्न, सहयोगको लागि आवश्यक कर्मचारी खटाउने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवीय सहयोग प्रदान गर्ने निकायहरूबिच सूचना आदान-प्रदान तथा समन्वय गर्ने कार्य प्रभावित स्थानको कार्य सञ्चालन तथा समन्वय केन्द्रहरुसँगको सहकार्यमा गर्नु पर्नेछ। संयुक्त राष्ट्रसंघीय मानवीय सहायता संयोजकले प्रभावित स्थानको कार्य सञ्चालन तथा समन्वय केन्द्रसँग समन्वय गर्नुपर्नेछ। यसरी तोकिएको व्यक्ति तथा निकायको जानकारी प्रदेश सरकारलाई संघीय सरकार मार्फत् गराउनु पर्नेछ।

६.१५. विपद् पछिको समयमा प्रदेशमा आउने उद्धार तथा मानवीय सहायताको सहजीकरणको

लागि भैरहवा र नेपालगञ्ज विमानस्थल एवम् अन्य आवश्यक विमानस्थल/स्थानहरुमा आगमन तथा प्रस्थान कक्षको स्थापना र सहजीकरण प्रदेश विपद् कार्यकारी समितिबाट गरिनेछ।

६.१६. विपद्को समयमा प्रदेशमा सहायता उपलव्ध गराउन आएका वा आउने अन्तर्राष्ट्रिय गैह्र-सरकारी संस्थाहरूले नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसारको गुणस्तर तथा एकरूपता हुने गरी सेवा, सुविधा र सहयोग सामग्री वितरण गर्नु पर्नेछ। साथै,यस्ता सेवा सुविधा अन्तर्गत बालबालिका, महिला, गर्भवती तथा स्तनपायी महिला, किशोरी, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, जेष्ठ नागरिक र दीर्घ रोगी विशेष आवश्यकता लागि चाहिने सुविधाहरूको सुनिश्चित गर्नेछ।

६.१७. विपद् प्रतिकार्यको समयमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थापना भएको कार्यकारी समितिको निर्देशन र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको समन्वयमा प्रदेशमा नेपाली सेनाले बहुराष्ट्रिय सैनिक समन्वय केन्द्र स्थापना गरी आवश्यकता अनुसार उद्धा कर्मीहरू परिचालन तथा मानवीय सहायताको लागि स्रोत-साधनको परिचालन गर्न सक्नेछ। साथै,ठुलो विपद्को समयमा नागरिक प्रशासन र नेपाली सेना बिचको समन्वय (Civil Military Coordination) र सहजीकरणको व्यवस्था सङ्घीय सरकारको निर्देशन अनुसार माथी उल्लिखित कार्यकारी समितिको स्वीकृति लिई प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले गर्नेछ ।

## ७.प्रदेश विपद् प्रतिकार्यको कार्य सञ्चालन व्यवस्थाः

७.१. विपद् प्रतिकार्यको लागि गरिने पूर्वतयारी अन्तर्गत विपद्सम्बन्धी सूचना संङ्कलन, सूचना प्रवाह, विपद् बाट भएको क्षतिको लेखाजोखा, नियमन, सचेतना तथा क्षमता अभिवृद्धि, समन्वय र राहत सामग्रीको पूर्व-वन्दोवस्ति एवम् व्यवस्थापन गर्ने कार्यहरु पर्दछन्। उल्लेखित कार्यहरु निर्दिष्ट समयमा सम्पन्न गरी तयारी अवस्थामा राख्नु प्रदेश विपद् व्यवस्थापन, सदस्य सचिव (प्रमुख प्रदेश विपद् प्रतिकार्य नियन्त्रक) तथा प्रदेशस्थित सम्वन्धित निकायहरूको कर्तव्य हुनेछ।

७.२ प्रदेश स्वयंले विपद् सम्बन्धी सूचना सङ्कलन, सूचना प्रवाह, विपद् बाट भएको क्षतिको लेखाजोखा, नियमन, सचेतना र राहत सामग्रीको व्यवस्थापन एवम् प्रदेश विपद् प्रतिकार्यको समन्वय तथा सहजीकरण सामान्यतया अनुसुची ४ बमोजिम हुनेछ ।

७.३ प्रतिकार्यको समयमा प्रमुख प्रदेश विपद् प्रतिकार्य नियन्त्रक र प्रदेश अन्तर्गत कार्यरत जिल्ला विपद् व्यवस्थापन समिति, जिम्मेवार सरकारी निकाय, रेडक्रस अभियान, विषयगत क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र-सरकारी संस्था, निजी तथा व्यवसायिक प्रतिष्ठान, समुदायमा आधारित संस्थाहरूले आ-आफ्नो जिम्मेवारी अनुसार प्राथमिकताका साथ देहायबमोजिम कार्य सम्पादन गर्नु पर्नेछ।

७.३.१ तत्कालीन मानवीय सेवा अन्तर्गत समन्वयात्मक रूपमा क्षतिको लेखा जोखा, खोज उद्धार तथा राहत सामग्रीहरूको बन्दोबस्ति, स्वस्थ्योपचार, आगलागी नियन्त्रण, शव व्यवस्थापन, सरसफाई कार्य र अत्यावश्यक सेवाहरूको सञ्चालन गर्ने ।

७.३.२ खानेपानीको आपूर्ति प्रणाली, सडक, विद्युत, विमानस्थल, दूरसंचार, सांस्कृतिक सम्पदा तथा संवेदनशील संरचनाहरूको संरक्षण तथा पुनःस्थापना गर्ने ।

७.३.३ विस्थापित व्यक्ति तथा परिवारको खण्डीकृत तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने।

७.३.४ खाद्यान्न तथा गैह्र-खाद्यान्न सामग्रीहरू, औषधी तथा ईन्धनको आपूर्तिको व्यवस्था गर्ने । यसरी औषधीको आपूर्ति गर्दा गर्भवती महिला तथा किशोरीहरूको प्रजनन् एवम् दीर्घरोगीहरुको स्वास्थ्यसँग सम्बन्धित औषधी, निर्मलीकरण गर्ने जस्ता अत्यावश्यक औषधीको सूची बनाई आपूर्ति गर्ने ।

७.३.५ जोखिममा रहेका व्यक्ति वा समूहको पहिचान, संरक्षण, पोषणयुक्त खानाको व्यवस्था, महिला, गर्भवती तथा सुत्केरी आमा, स्तनपान गराउने महिला, किशोरी, लैंगिक तथा यौनिक अल्पसंख्यक एवम् लक्षित समूहको विशेष हेरचाह, जेष्ठ नागरिक, अपाङ्ग, दीर्घरोगी, बालबालिकाको विशेष संरक्षण एवम् उनीहरूलाई अत्यावश्यक सेवाहरू उपलव्ध गराउने ।

७.३.६ विस्थापित व्यक्ति तथा परिवारको लागि जनसंख्याको आधारमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने, प्रभावित क्षेत्र खाली गर्ने र सुरक्षित खुल्ला स्थानको पहिचान गरी व्यवस्थापन गर्ने। यसरी सुरक्षित खुल्ला स्थानको व्यवस्था गर्दा त्यस्ता स्थानको व्यवस्थापनमा महिला, किशोरीहरू र लक्षित वर्गको प्रतिनिधित्वलाई सुनिश्चित गर्ने र व्यवस्थापनको निर्णायक भूमिकाको जिम्मेवारी दिने। साथै,उल्लिखित कार्यहरू मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन प्रचलित मापडण्ड बमोजिम सक्रिय र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने।

७.४ प्रदेश अन्तर्गत खोज, उद्धार तथा स्वास्थ्य उपचार कार्यमा प्रयोगमा आउने उपकरण,

सामग्री, विषयगत विज्ञको सूची, अस्पतालको सूची, क्षमता र उपकरण, रक्तसञ्चार र भण्डारण, एम्बुलेन्स सेवा, आपतकालीन बन्दोबस्ती, राहत सामग्री तथा सञ्चार जस्ता विषयहरूको संस्थागत क्षमताको लेखाजोखा र अभिलेख अध्यावधिक गरी राखु पर्नेछ।

७.५ मानवीय खोज तथा उद्धार कार्यलाई सक्रिय तुल्याउन आपतकालीन प्रतिकार्यको अवधिमा प्रदेश, जिल्ला तथा स्थानीय तहको आपतकालीन कार्य सञ्चालन केन्द्रले आधारभूत कार्य सञ्चालन विधि बमोजिम विपद्को वस्तुस्थिति अध्यावधिक गर्न, खोज तथा उद्धारकर्मीहरूको परिचालन गर्न, राहत वितरणको समन्वय गर्न, आपतकालीन बन्दोबस्तीका सामग्रीहरुको परिचालन गर्न प्रदेश राजधानीमा प्रदेश खोज तथा उद्धार कमाण्डपोष्ट र विपद् प्रभावित क्षेत्रहरूमा आवश्यकता अनुसार खोज तथा उद्धार उप-कमाण्डपोष्ट स्थापना गरी सञ्चालन गर्नु पर्नेछ। साथै राहत र आपतकालीन बदोबस्तिका सामग्रीमा महिलाको विशेष अवस्थाको आवश्यकताको लागि चाहिने सामग्रीहरु भएको सुनिश्चित गर्ने र खोज तथा उद्धार समूहमा सम्भव भएसम्म महिला तथा लक्षित वर्गको सभागिता सुनिश्चित गर्ने ।

७.६ प्रदेश खोज तथा उद्धार कमाण्डपोष्टमा नेपाली सेनाको चिफ अफ स्टाफ, पृतना हेडक्वाटर, नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षक, प्रदेश प्रहरी कार्यालय, सशस्त्र प्रहरी बलको सशस्त्र प्रहरी नायव महानिरीक्षक, विन्ध्यावासिनी बाहिनी तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको सदस्य-सचिव रहनेछन्। उक्त कमाण्ड पोष्टको कमाण्ड र परिचालन नेपाली सेनाबाट हुनेछ।

७.७ जिल्ला वा स्थानीय विपद् व्यवस्थापन समितिबाट वा अन्य निकायबाट विपद् भएको जानकारी प्राप्त भएपछि तत्काल प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको सदस्य-सचिवले नेपाली सेनाको चिफ अफ स्टाफ, नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षक, प्रदेश प्रहरी कार्यालय, सशस्त्र प्रहरी बलको सशस्त्र प्रहरी नायब महानिरीक्षक, बिन्ध्यावासिनी बाहिनीसहितको बैठक बसी विपद् प्रतिकार्यको लागि महिला र लक्षित वर्गलाई समेत समेटिने गरी आवश्यक निर्णय गर्नु पर्नेछ। कार्यकारी समितिको सदस्य-सचिवले विपद्जन्य स्थितिको विश्लेषण, मूल्याङ्कन, प्रभाव, उत्पन्न परिस्थिति, अग्रगामी प्रतिकार्य एवम् निर्णयको प्रतिवेदन गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र परिषदमा पेश गर्नु पर्नेछ। यसरी पेश गर्ने प्रतिवेदनमा विपद्ले महिला, किशोरी, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गमा परेको असार, प्रभाव र उत्पन्न परीस्थितिको

बारेमा विस्तृत रूपमा उल्लेख गर्ने।

७.८ विपद्को समयमा प्रदेश अन्तर्गतका सम्वन्धित सरकारी निकाय, सुरक्षा निकाय र तोकिएका विपद् प्रतिकार्यको जिम्मेवारी लिएका अधिकृतहरूले प्रमुख प्रदेश प्रतिकार्य नियन्त्रकको नेतृत्वमा प्रतिकार्यको काम गर्नु पर्नेछ।

७.९ प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयले यस कार्यढाँचा अनुरूप विपद् प्रतिकार्यलाई सहयोग पुग्ने गरी शीघ्र पुनर्लाभका कार्यहरू एकैसाथ सञ्चालन गर्न सम्बन्धित निकायहरूबिच आवश्यक समन्वय र सहजीकरण गर्नेछ। यसरी पुनर्लाभका कार्यहरू सञ्चालन गर्दा महिलाहरूको विशेष आवश्यकता तथा अवस्थालाई समेत सम्बोधन गर्ने कार्यहरु पनि समावेश गरिनु पर्नेछ।

७.१० प्रदेशभित्र विपद् प्रतिकार्यका काम कारबाहीको रेख-देख, नियन्त्रण तथा निर्देशन दिने कार्य प्रदेश विपद् व्यवस्थापन परिषदले गर्नेछ। कार्यकारी समितिले विपद् प्रतिकार्यको अनुगमन र मूल्याङ्कन गर्नेछ। परिषदको निर्देशन, कार्यकारी समितिको अनुगमन प्रतिवेदन तथा जिल्ला, स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त भएका राय सुझावको एकीकृत विवरणसहितको प्रतिवेदनलाई प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २४ घण्टाभित्र सार्वजनिक गर्नेछ। यसरी सार्वजनिक गर्नु पूर्व एकीकृत विवरणमा महिला तथा लक्षित वर्गको अवस्थाको बारेमा राय सुझाव समावेश भए नभएको समेत सुनिश्चित गर्नुपर्नेछ।

७.११ प्रदेशभित्र विपद् प्रतिकार्यका काम काराबहीमा प्रदेश सरकारको तर्फबाट सङ्घीय सरकारसँग समन्वय र सहजीकरण गर्ने कार्य प्रदेश सरकारको प्रमुख सचिवबाट हुनेछ।

## ८. प्रदेश विपद् प्रतिकार्यको स्वरूपः-

८.१ प्रमुख प्रदेश विपद् प्रतिकार्य नियन्त्रकले तत्काल विपद् प्रतिकार्यको लागि सरकारी, द्विपक्षीय तथा बहुपक्षीय दातृ निकाय, प्रदेशमा क्रियाशील संयुक्त राष्ट्रसंघका विशिष्ट निकाय, विकास साझेदार, नेपाल रेडक्रस सोसाईटी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था एवम् लैङगिक समानता तथा समावेशीकरणमा काम गरिरहेका संङ्घ संस्थासँग आवश्यकता अनुसार बैठक बसी समन्वयको व्यवस्था गर्नेछन्। यसरी गर्ने प्रतिकार्यको लागि समन्वायत्मक ढङ्गले काम कारबाही गर्न गराउन प्रदेश, जिल्ला तथा स्थानीय तहका विपद् व्यवस्थापन समितिले आ-आफ्नो क्षेत्रबाट सहजीकरण र

सहयोग पुर्‍याउनेछन्।

८.२ प्रदेश, जिल्ला र स्थानीय तहका आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूले आ-आफ्नो तहका सरकारी निकाय, निजी क्षेत्र तथा विभिन्न संघ-सस्थाहरूसँग प्रतिकार्यका क्रियाकलापहरूलाई प्रभावकारी बनाउनको लागि आवश्यक सूचना सम्प्रेषण गर्नेछन्। यसरी गरिएका क्रियाकलापको खण्डीकृत तथ्याङ्कसहितको प्रतिवेदन राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई गराउनु पर्नेछ।

८.३ विपद् प्रतिकार्यको लागि सङ्घ, प्रदेश र स्थानीय तहका देहाय बमोजिमका निकायहरूले आ-आफ्नो कार्यक्षेत्रको बिषयमा सहयोग गर्नु उक्त निकायहरूको कर्तव्य हुनेछ।

८.३.१ संवैधानिक आयोग, सङ्घिय मन्त्रालय, विभागका प्रदेश, जिल्ला एवम् स्थानीय तहका शाखा, डिभिजन र इकाइ कार्यालयहरू,

८.३.२ नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभागका प्रदेश, जिल्ला एवम् इकाईमा रहेर काम गर्ने सुरक्षा निकायहरू

८.३.३ प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय, कार्यालय, डिभिजन र इकाइहरू,

८.३.४ स्थानीय तहका सबै कार्यालय, इकाई एवम् सञ्चालनमा रहेका बारुणयन्त्रहरू,

८.३.५ संयुक्त राष्ट्रसंघीय मानवीय संयोजक तथा संयुक्त राष्ट्रसङ्घीय विषयगत क्षेत्र नियोगहरू,

८.३.६ अन्तर्राष्ट्रिय वित्तीय संस्था, क्षेत्रीय सङ्गठन, दातृ निकाय तथा विकास साझेदार संस्थाहरू,

८.३.७ सरकारी, निजी अस्पताल र स्वास्थ्य प्रतिष्ठान, दूरसञ्चार प्रदायक, सरकारी, अर्धसरकारी तथा निजी सञ्चार गृहहरू,

८.३.८ सबै तहका शिक्षण संस्था, प्रतिष्ठान र केन्द्रहरू, मानवीय सेवामा कार्यरत संघ-संस्था, सञ्चारकर्मी, पेसागत संङ्घ, उद्योग वाणिज्य महासङ्घ (FNCCI, CNI), सङ्गठन एवम् नागरिक समाज,

८.४ प्रदेश सरकारबाट सञ्चालित खोज, उद्धार तथा राहत वितरण गर्ने कार्यमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिहरूसँग समन्वय गर्नुपर्नेछ। यसै गरी जिल्ला र स्थानीय समितिहरूले पनि प्रदेशबाट सञ्चालन गरिएका कार्यहरू सम्पादन गर्न सहजीकरण गर्नु पर्नेछ।

८.५. प्रदेश सरकारबाट सञ्चालन गरिने विपद् प्रतिकार्यको प्रायोजनार्थ विपद्/प्रकोपका घटनाको

गम्भीरता, आकार, स्थान, र सार्वजनिक स्वास्थ्य, कल्याण र पूर्वाधारमा वास्तविक वा सम्भावित प्रभावको आधारमा देहाय बमोजिम विपद्को स्तर निर्धारण सूचक र मापदण्ड वर्गीकृत गरिएको छ।

**विपद्को स्तर निर्धारण सूचक र मापदण्ड**

| | |
|---|---|
| १. समान्य स्तरको विपद् (Minor Disaster) तथ्याङ्क कोड– **L0** | २. मध्यम स्तरको विपद् (Major Disaster) तथ्यांक कोड– **L1** |
| ३. ठुलो स्तरको विपद् (Sever Disaster) तथ्याङ्क कोड– **L2** | ४. महाविपद् (Catastrophic Disaster) तथ्यांक कोड– **L3** |

विपद्स्तरको नाम एकीकृत विद्युतिय तथ्याङ्क प्रणाली (BIPAD Portal) मा प्रयोग गरिएको नामसँग तालमेल हुने गरी प्रयोग गरिएको छ।

| प्रकोप, विपद्का सूचकहरू | विपद्को स्तर | | | |
|---|---|---|---|---|
| | १. समान्य स्तरको विपद् तथ्याङ्क कोड– **L0** | २. मध्यम स्तरको विपद् तथ्याङ्क कोड **L1** | ३. ठुलो स्तरको विपद् तथ्याङ्क कोड– **L2** | ४. महाविपद् तथ्याङ्क कोड **L3** |
| विपद्को कारण वा बेपत्ता हुनेको संख्या | शून्य | शून्य शुन्य देखि ५ जना सम्म | ५ देखिक ५० जना सम्म | ५० जना भन्दा माथी |
| विपद्को कारण घाईते वा बिरामी हुनेको सांख्या | शून्यदेखि १० जना सम्म | १० देखि ५० जना सम्म | ५० देखि २०० जनासम्म | २०० जना-भन्दा बढी |
| आश्रयस्थाल मा राख्नु पर्ने विपद् प्रभावित परिवारको संख्या (कम्तीमा ७ दिन) | शून्यदेखि १० सम्मको परिवार | १० देखि ५० सम्मको परिवार | ५० देखि ५०० सम्मको परिवार संख्या | ५०० भन्दा बढी परिवार संख्या |
| खाद्यान्न उपलब्ध गराउनु पर्ने संख्या (कम्तीमा ७ दिन) | शून्यदेखि १० जना सम्मको परिवार | १० देखि ५० सम्मको परिवार | ५१ देखि ५०० सम्मको परिवार संख्या | ५०० भन्दा बढी परिवार संख्या |
| प्रकोप विस्तार भएको वा विपद् प्रभावित क्षेत्र | एउटा स्थानीय तह | एक भन्दा बढी स्थानीय तह | एउटा जिल्ला | एक भन्दा बढी |
| धन सम्पति र जीविकाको हानि नोक्सानी | प्रभावित आफैले हानिनोक्सानीको पुनर्भरण गर्न | प्रभावितले स्थानीय तहको सहयोगमा हानिनोक्सानि | स्थानीय तहले मात्रै प्रभावितको पुनर्लाभ/ | प्रदेशले मात्रै प्रभावितको पुनर्लाभ |

| | | | | |
|---|---|---|---|---|
| | सक्छन | पुनर्भरण गर्न सक्छन् | पुनर्भरण गराउन सक्दैन | गराउन सक्दैन |
| विपद् प्रतिकार्य एवम् आपतकालीन सहायता सेवाको उपलब्धता (जनशक्ति उपकरण, सामग्री, भौतिक संरचना | घटनाको सामना गर्न आवश्यक स्रोतहरू स्थानीय तहमा नै उपलब्ध छन् | स्थानीय तहमा उपलब्ध छन्। थप आवश्यक भए स्थानीय तहले नै व्यवस्था गर्न सक्छ | स्थानीय तहलाई आपतकालीन सहायता आवश्यक पर्छ | प्रदेशलाई सङ्घको सहायता आवश्यक पर्छ |
| सम्भावित प्रत्यक्ष वा अप्रत्यक्ष कास्केडिङ (अन्य प्रकोप उत्पन्न वा फैलिन सक्ने) असार | न्यून | मध्यम | उच्च | गम्भीर |
| संक्रामक सरुवा रोग फैलिने जोखिम | न्यून | मध्यम | उच्च | गम्भिर |
| विपद्, प्रतिकार्यको नेतृत्व गर्ने प्राथमिक जिम्मेवारी | स्थानीय तह | स्थानीय तह | प्रदेश | संघ |
| सम्भावित सहयोग | जिल्ला विपद्, व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद्, व्यवस्थापन समिति | संघ | अन्तर्राष्ट्रिय आह्वान |

८.६. प्रतिकार्य व्यवस्थाको सक्रियता स्तर देहाय बमोजिम कायम हुनेछ।

| सक्रियताको स्तर | कृयाकलापहरू (Activities) |
|---|---|
| सतर्कता (Alert) | कुनै पनि प्रतिकार्य आवश्यक पर्दैन तर जिम्मेवारी क्षेत्रमा खतराको सम्भावना र कारणको मूल्याङ्कन गर्न सक्षम व्यक्तिद्वारा स्थितिको निगरानी गर्ने सतर्कताको उच्चस्तर रहने। |
| अग्रगामी (Forward) | यो अवस्था विपद् वा सम्भावित विपद्को अवस्था भएको हुँदा जिम्मेवार सरोकारवाला निकायहरू र प्रतिकार्य समन्वय केन्द्रहरू उच्च सतर्कताको अवस्थामा रहने र प्रतिकार्यको लागि पूर्ण तयारी गर्ने तर परिचालित भई नहाल्ने। |
| कार्यारम्भ (Stand up) | यो अवस्थामा श्रोत साधन तथा जनशक्तिको पूर्णरूपमा परिचालन गरी प्रतिकार्य पूर्ण सुचारु गर्ने। साथै सबै विपद् प्रतिकार्य समन्वय केन्द्र तथा उप-केन्द्रहरु |

| | |
|---|---|
| | समेत सक्रिय  रूपमा प्रतिकार्यमा एकवद्ध भई खटिने। |
| प्रतिकार्य सम्पन्न (Stand down) | प्रतिकार्य सञ्चालन पछिको संक्रमणकालीन अवस्थामा कुनै पनि जोखिम वा खतराको अवस्था नभएको सुनिश्चितता भएमा र/वा मुख्य व्यवस्थाहरू सामान्य स्थितिमा सुचारु भएमा प्रतिकार्य कार्यबाट फिर्ता हुने र पुनर्लाभको लागि द्रुत कार्य सञ्चालन गर्ने । |

८.७. प्रतिकार्यमा खटाउँदा वा खटिदा देहाय बमोजिमका विषयहरू विशेष ध्यान दिनु पर्नेछ।

८.७.१. **प्रतिकार्यमा क्षमताको मूल्याङ्कनः** प्रतिकार्यमा आवश्यक पर्ने जनशाक्ति, प्रयोग हुने उपकरण, बन्दोबस्तीका सामग्रीको स्रोत र भण्डारण, प्रभावित क्षेत्रको दुरी, स्थल/हवाई मार्गको अवस्था, पहुँच, लाग्ने समय, संभावित अवरोध तथा प्रभावित क्षेत्रको जनतासँग को सम्पर्क माध्यम यकिन गर्ने।.

८.७.२. **दक्ष कर्मचारीको परिचालनः** प्रतिकार्य टोलीमा खटिने सबै कर्मचारी, सुरक्षाकर्मी वा स्वयमसेवकहरू विशेष तालिम प्राप्त दक्ष हुनु पर्दछ। यसरी खटिने सबै कर्मचारी, सुरक्षाकर्मी तथा स्वयमसेवकहरुलाई प्रतिकार्यमा लाग्न सक्ने अनुमानित समय र उनिहरुको सुरक्षाको विषयमा पूर्णरूपमा जानाकारी भएको हुनु पर्दछ।

८.७.३. **प्रभावित क्षेत्रको जानकारीः** प्रतिकार्य टोलीमा खटिने सबै कर्मचारी, सुरक्षाकर्मी तथा स्वयम सेवकहरूलाई खटिएर जाने क्षेत्र, पहुच मार्ग, सम्पर्क गर्ने निकाय वा व्यक्ति, सबैभन्दा गम्भीर प्रभावहरू कहाँ पर्न गएको छ प्रभावित मानिसहरू, कतिलाई खोज र उद्धारको आवश्यकता परेको छ? आवश्यकता, प्राथमिकताहरू, विभिन्न उपकरणहरू प्रयोगको जानाकारी गराउनु पर्दछ।

८.७.४. **राहतको वितरणको प्रक्षेपणः** विपद्वाट प्रत्यक्ष रूपमा प्रभावित जनसंख्या, सुत्केरी, महिला, किशोरी, वालबालिका, आवश्यक पर्ने राहतका सामग्री सोको आंकलन, राहत सामग्रीको सङ्कलन, ढुवानी एवम् वितरणबारे प्रारम्भिक रूपमा प्रक्षेपण गरी तयारी अवस्थामा रहने।

८.८. विपद् प्रतिकार्य अन्तर्गत विपद् वा विपद्पछिको समयमा आधारभूत सेवाहरूको पुनर्स्थापना र भौतिक, सामाजिक र आर्थिक क्षतिको मर्मत सहित समुदायलाई सामान्य अवस्थामा फर्काउनका लागि गरिने कार्यहरू पर्दछन्। विपद्को सूचना प्राप्त भएपछि विपद्को प्रभावकारी प्रतिकार्य गर्न, गराउन तपसिलमा उल्लिखित  समयावधि र निकायहरुको नेतृत्वमा देहाय बमोजिमका कार्यहरू सञ्चालन गर्नु पर्नेछ ।

| समयावधि | सञ्चालन गर्नुपर्ने कार्यहरु | जिम्मेवार नेतृत्वदायी |
|---|---|---|

| | | निकायहरु |
|---|---|---|
| ० समयदेखि वढीमा २ घण्टा भित्र | विपद्को सूचना उपलव्ध गराउने | राष्ट्रिय भूकम्प मापन केन्द्र, जल तथा मौसम बिज्ञान कार्यालय कोहलपुर, प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र, स्थानीय तह |
| | विपद् प्रतिकार्यको निर्देशन दिने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय् विपद् व्यवस्थापन समितिहरू |
| | खोज तथा उद्धार कार्यको लागि तत्काल निर्देशन दिने र सुरक्षा निकायहरू परिचालित हुने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, विपद् व्यवस्थापन समितिहरू र सुरक्षा निकायहरू |
| | विपद्को यथार्थ सूचना, उद्धार कार्यमा भईरहेको प्रयासको जानकारी सर्वसाधारणको लागि प्रवाह गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सबै आपतकालीन कार्य सञ्चालन केन्द्रहरू |
| | विद्युतीय सञ्चारका सबै माध्यममा एकै पटक स्वतः आपतकालीन सन्देश आउने प्रणाली स्थापना गरी सञ्चालनमा ल्याउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय /PEOC |
| ० समयदेखि १० घण्टा भित्र | विपद्को घटना र प्रभावित क्षेत्रको प्रारम्भिक विवरण तयार गरी सूचना प्रवाह गर्ने। यसरी प्रवाह गरिने प्रारम्भिक विवरणमा प्रभावित महिला, किशोरी तथा अन्य लक्षित वर्गलाई नछुटाई समावेश गर्ने। | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, सबै विपद् व्यवस्थापन समितिहरू |
| | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको आपतकालीन बैठक गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय /PEOC |
| | प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रले कार्यसञ्चालन विधि (SOP) बमोजिम सक्रिय भई कार्य गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय /PEOC |
| | विपद्को जोखिम र पर्न सक्ने प्रभाव लगायतका विषयमा सर्वसाधारण जनता, एवम् विशेष गरी महिला र लक्षित | प्रदेश, जिल्ला र स्थानीय आपतकालीन |

| | | |
|---|---|---|
| | वर्गहरूलाई जानकारी गराउन उनीहरूको पहुँच भएको सञ्चारको माध्यम, रेडियो, टेलिभिजन, छोटकरी सूचना प्रणाली सेवाबाट तथ्यगत पूर्वचेतावनी, भए गरेका उद्धार कार्यको प्रयास तथा सार्वजनिक आह्वान विषयक सूचनाहरू प्रवाह गर्ने। साथै विपदबाट देशभित्र र सीमापारी समेत प्रभाव पर्न सक्ने देखिएमा सीमापार र अन्तर्राष्ट्रिय तहमा समेत नियमित रूपमा आवश्यकता अनुसार जानकारी गराउने। | कार्य सञ्चालन केन्द्रहरू |
| | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठक बोलाउने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| ०समयदेखि २४ घण्टाभित्र | महामारी विपद्को अवस्थामा सर्वसाधारण मानिस, महिला बालबालिका, जेष्ठ नागारिक, अपाङ्ग तथा किशोरीहरूमा पर्न सक्ने प्रभावसहितको महामारीको अवस्थाको जानकारी दिने तथा प्रतिकार्य प्रभावकारी रूपमा सञ्चालन गर्ने। | स्वास्थ्य मन्त्रालय/PHEOC |
| | पशुमा हुने महामारीका सम्बन्धमा व्यवस्थित गर्नको लागि निर्देशन तथा समन्वय गर्ने। | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुसेवा विज्ञ केन्द्र, भेट्नरि अस्पताल |
| | आणविक, जैविक तथा रासायनिक प्रकृतिका प्रकोपको सम्बन्धमा जानकारी प्रवाह गर्ने र विपद् प्रभावितहरुको तत्काल उद्धार गर्ने। | स्वास्थ्य मन्त्रालय र सबै सुरक्षा निकायहरु |
| | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिलाई विपद् प्रतिकार्यको लागि मुख्य समन्वय केन्द्रको रूपमा परिचालन गर्ने। संङ्घिय सरकार संलग्न भएको अवस्थामा समितिले प्राधिकारणसँग प्रत्यक्ष समन्वय गरी प्रतिकार्यका कृयाकलापहरू सञ्चालन गर्ने। | मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र |
| | प्रदेशमा राहत वितरण समन्वय तथा सहजीकरण समिति तथा आवश्यकता अनुसार उप-समितिहरू गठन गरी सञ्चालनमा ल्याउने।यसरी गठन गरिने समिति तथा उप-समितिमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व अनिवार्य गर्ने र निर्णय प्रकृयामा संलग्न गराउने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सबै विपद् व्यवस्थापन समितिहरू |
| | विपद् पीडितहरूलाई तत्काल आश्रयस्थलमा पुर्याउन खोज | आन्तरिक मामिला तथा |

| | | |
|---|---|---|
| | तथा उद्धार समूहलाई परिचालन गर्ने। | कानुन मन्त्रालय र सबै विपद् व्यवस्थापन समितिहरू, सबै सुरक्षा निकायहरू |
| | विपद् पिडित घाईतेहरूको सम्बन्धमा तत्काल घटना स्थलमा उपचारको व्यवस्था मिलाउने। | स्वास्थ्य मन्त्रालय/PHEOC, रेडक्रस अभियान |
| | एम्बुलेन्स सेवा, आपतकालीन प्राथमिक उपचार र घाईतेको लागि, यातायातको व्यवस्था तत्काल मिलाउने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्वास्थ्य मन्त्रालय, PHEOC |
| | सिकिस्त अवस्थाका घाईतेहरूलाई तत्काल उपचारको लागि अस्पताल पठाउने र उपचारको व्यवस्था मिलाउने। | स्वास्थ्य मन्त्रालय/ PHEOC र सुरक्षा निकायहरूको खोज तथा उद्धार समूह |
| | विपद् संकटग्रस्त क्षेत्रको घोषणा गर्नुपर्ने अवस्था देखिएमा सोको कारणसहित सङ्घीय विपद् व्यवस्थापन कार्यकारी समिति मार्फत् नेपाल सरकारमा अनुरोध गर्ने। | प्रदेश सरकार, मन्त्री परिषद |
| | प्रदेशस्थित संयुक्त राष्ट्रसङ्घीय विषयगत क्षेत्र/निकायहरुलाई सक्रिय बनाउने। | प्रदेश सरकारको निर्णय, कार्यकारी समितिको अनुरोधमा सयुक्त राष्ट्रसंघ मानवीय संयोजक, **PFPA** |
| | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवीय सहायताको लागि प्रदेश विपद् व्यवस्थापन परिषदको सिफारिससहित सङ्घीय सरकारमा अनुरोध गर्ने । | विपद् व्यवस्थापन कार्यकारी समितिको अनुरोधमा प्रदेश विपद् व्यवस्थापन परिषद |
| | राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रहरूलाई सञ्चार व्यवस्थापन केन्द्रको रूपमा सञ्चालन गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सबै आपतकालीन कार्य सञ्चालन केन्द्रहरू |
| | विमानस्थल सुरक्षा र नागरिक उड्डयन, ट्राफिक व्यवस्थापन गर्न सङ्घिय सरकार मार्फत अनुरोध गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र नागरिक उड्डयन |

| | | |
|---|---|---|
| | | कार्यालय भैरहवा र नेपालगञ्ज |
| | राष्ट्रिय राजमार्गको आवागमन सम्पर्कको लागि सङ्घिय सरकारलाई र प्रदेशभित्र सडक आवागमन सम्पर्कको न्यूनतम व्यवस्थापन गर्ने। | भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय, सडक डिभिजन कार्यालय |
| | विपद् बाट प्रभावितहरूलाई शिघ्राती-शीघ्र नजिकको आश्रयस्थल वा क्याम्पमा पठाई भिड व्यवस्थापन गर्ने। | सहरी विकास तथा दानेपानी मन्त्रालय, सबै सुरक्षा निकायहरू र स्थानीय तह |
| | कुटनीतिक व्यक्ति, पर्यटक तथा अन्य विदेशी नागरिकहरुको शव व्यवस्थापन गर्न सङ्घीय सरकारसँग समन्वय गरी प्राप्त निर्देशन बमोजिम व्यवस्थापन गर्ने। साथै प्रभावित क्षेत्रमा सञ्चार सम्पर्क र समन्वय गरी व्यवस्थापन कार्य गर्ने। | गृह मन्त्रालय, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी र अन्तर्राष्ट्रिय संस्थाहरू |
| २४ देखि ४८ घण्टासम्म | खोज, उद्धार तथा राहत कार्यको प्रभावकारिता कायम राख्न मानवीय सहायता स्थललाई खोज, उद्धार तथा राहत सामग्रीको सङ्कलन, भण्डारण र प्रभावितस्थलको वितरण कार्य सञ्चालनको लागि तत्काल क्रियाशील तुल्याउने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय /PEOC, नागरिक उड्डयन कार्यालयको मानवीय सहायता स्थल , भैरहवा र नेपालगञ्ज |
| | खोज, उद्धार तथा राहत सामग्रीहरूको ढुवानीको प्रवन्ध गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, यातायात व्यवस्था कार्यालय, स्थानीय तहहरू |
| | विपद् प्रभावितको लागि आधारभूत स्वास्थ्य सेवा तथा खाद्य सामग्रीहरू उपलव्ध गराउने। | स्वास्थ्य मन्त्रालय/PHEOC, सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, नेपाल खाद्य कम्पनी |
| | अन्तर्राष्ट्रिय मानवीय सहयोग उपलव्ध गराउने समुदायको | आन्तरिक मामिला तथा |

| | | |
|---|---|---|
| | लागि हवाई तथा सडक मार्गबाट प्रवेश विन्दुमा प्रवेश तथा भन्सार छुट दिन सङ्घीय सरकारलाई अनुरोध गर्ने र प्रदेश र स्थानीय तहमा लाग्ने सबै प्रकारको शुल्कहरू छुट दिने व्यवस्था गर्ने । | कानुन मन्त्रालय, भन्सार कार्यालय, स्थानीय तहहरू |
| | राहत सामग्रीको ढुवानी र विपद् प्रभावितहरूलाई सहज रूपमा वितरण गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सबै आपतकालीन कार्य सञ्चालन केन्द्रहरू |
| | अस्पताल, स्वास्थ्य केन्द्र, आश्रय स्थल (महिला, बालबालिका अपाङ्ग मैत्री र सुरक्षित) तथा शिक्षण संस्था जस्ता आधारभूत क्षेत्रहरूमा विद्युत सेवा उपलव्ध गराउने। | नेपाल विद्युत प्राधिकरण, सबै विपद् व्यवस्थापन समितिहरू/स्थानीय तह |
| | विपद् प्रभावित क्षेत्रमा अस्थायी स्वास्थ्य केन्द्र/अस्पताल स्थापना गरी स्वास्थ्य सेवा उपलव्ध गराउने। | स्वास्थ्य मन्त्रालय/PHEOC |
| | अस्पताल, आश्रयस्थल, शिविर, औषधि वितरण केन्द्र तथा अन्य आवास क्षेत्रहरूमा खाने पानी, सरसफाई र स्वास्थ्य प्रबर्धन सेवा उपलव्ध गराउने। | स्वास्थ्य मन्त्रालय/ PHEOC, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्थानीय तह |
| | जैविक वा यस्तै प्रकारको ठोस तथा अन्य प्रकोपजन्य फोहरमैलाको समयमै उचित प्रवन्ध मिलाउने वा नष्ट गर्ने। | सहरी विकास तथा खानेपानी मन्त्रालय, उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, सबै विपद् व्यवस्थापन समितिहरू |
| | भण्डारण गृह, आश्रयस्थल, शिविर, व्यक्तिगत आवास क्षेत्र, सेवा प्रदायक सार्वजनिक सम्पत्तिको सुरक्षा र कानुन कार्यान्वयन कार्यलाई प्रभावकारी बनाउने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, रेडक्रस अभियान, सबै स्थानीय तहहरू |
| | विपदबाट प्रभावित भएका व्यक्ति, परिवार, महिला, बालबालिका अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा ज्येष्ठ नागरिकको नाम दर्ता गर्ने, पीडितहरूको लागि परिचय-पत्र उपलव्ध गराउने र उक्त तथ्यांकको उचित सुरक्षाको प्रवन्ध गर्ने। | सामाजीक विकास मन्त्रलाय,सबै विपद् व्यवस्थापन समितिहरू |

| | | |
|---|---|---|
| | आपतकालीन सञ्चार सेवाको प्रवन्ध गर्ने र यथाशीघ्र दूर सञ्चार सेवाको पुनःस्थापना गरी सेवा उपलव्ध गराउने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, नेपाल टेलिकम बुटवल, नेपालगञ्ज |
| ४८ देखि ७२ घण्टा भित्र | क्षतिको प्रारम्भिक लेखाजोखा गरी शीघ्र प्रतिकार्य योजना तयार गर्ने। यसरी क्षतिको लेखा-जोखा गर्दा महिला तथा लक्षित वर्गमा पर्न गएको क्षतिको विवरण समावेश भएको सुनिश्चित गर्ने। | सबै विपद् व्यवस्थापन समितिहरू |
| | अस्पताल, स्वास्थ्य केन्द्र विद्यालय, सडक, पुल-पुलेसा, विद्युत, खानेपानी लगायत अन्य सेवाहरूको लेखा-जोखा गर्ने कार्यको प्रारम्भ गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय /PEOC |
| | घुर्‍यान (debris) तथा अन्य थुप्रियर रहेका फोहरमैलाको व्यवस्थापन गर्ने। | सबै सुरक्षा निकायहरू, नगरपालिका, सबै स्थानीय तहहरू, |
| | मरेका एवम् सडेगलेका पशु-पन्छीहरूको सङ्कलन तथा उचित व्यवस्थापन गर्ने। | पशु विज्ञ केन्द्र र सबै विपद् व्यवस्थापन समितिहरू |
| | विपद् प्रभावितहरूको तत्काल खोज, उद्धार गरी आवश्यक आश्रायस्थल, खाद्यान्न, लत्ताकपडा सहित न्यूनतम मानवीय सामग्री र स्वीकृत मापडण्ड अनुसारको राहत रकम उपलव्ध गराउने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय /PEOC, सबै विपद् व्यवस्थापन समितिहरू |
| ७२ घण्टा देखि ७ दिन भित्र | शव व्यवस्थापन निर्देशिका २०६८ (पहिलो संशोधन २०७६) बमोजिम शवको व्यवस्थापन, मृत्यु दर्ता प्रमाणपत्र जारी र मृतकका आफन्तलाई मापडण्ड अनुसारको आर्थिक सहयोग वितरण गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्वास्थ्य निर्देशनालय/PHEOC |
| | विपद् प्रभावित स्थान, आश्रायस्थल, शिविरहरूमा राहतका सामग्रीहरू वितरण गर्दा निष्पक्षता, तथस्थता तथा समावेशी सिद्धान्तको पालना गरी गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय /PEOC, सामाजिक विकास मन्त्रालय |
| | महिला हिंसा हुन/गर्न नदिन निगरानी राख्ने तथा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग तथा शारीरिक रूपमा अशक्त र असहाय व्यक्तिको लागि विशेष संरक्षणको व्यवस्था गर्ने। | सामाजीक विकाश मन्त्रालय |
| | विपद् प्रभावित क्षेत्रमा बहुक्षेत्र द्रुत लेखा-जोखा कार्य | आन्तरिक मामिला तथा |

| | | |
|---|---|---|
| | प्रारम्भ गर्ने र विवरण सङ्कलन गर्ने। | कानुन मन्त्रालय,रे(डक्रस र स्थानीय तह) |
| | विपद् प्रभावितहरूलाई तत्काल आश्रयस्थल तथा शिविरमा बस्नको लागि आवश्यक लत्ता कपडा, खाद्य र गैह्रखाद्य सामग्री वितरण गर्ने। यसरी सामग्री वितरण गर्दा महिला, सुत्केरी, गर्भवती, किशोरी बच्चा-बच्ची तथा शिशु (infant) लाई आवश्यक पर्ने सामग्री वितरणमा समेत विशेष ध्यान दिने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय /PHEOC, नेपाल प्रहरी, रेडक्रस अभियान |
| ७ दिनदेखि दुई साताभित्र | खुला क्षेत्र पहिचान वा घोषणा गरिएका स्थानहरूमा आश्रायस्थल तथा शिविरको सञ्चालन गर्ने। | सहरी विकाश तथा खानेपानी मन्त्रालय र स्थानीय तहहरू |
| | आश्रयस्थल तथा शिविरका बालबालिकाको पोषणस्थितिको लेखाजोखा गर्ने, तथा हुन सक्ने कुपोषणको रोकथाम गर्न उपयुक्त पोषण सहितको खाद्य सामग्रीको वितरण गर्ने। | स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय/PHEOC |
| | आश्रयस्थल, शिविर र खुला क्षेत्रहरूमा खुला दिशा-पिसाब वा अन्य माध्यमबाट सर्न सक्ने सरुवा रोगको नियन्त्रण गर्ने। | स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय/PHEOC |
| | मानवीय कार्यको लागि भएको प्रतिकार्य तथा उद्धार कार्यको अनुगमन गर्ने तथा गरिएको कार्यको प्रतिवेदन तयार गर्ने। | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र विपद् व्यवस्थापन समितिहरू |
| | विपद्, प्रभावित सङ्कटासन्न समूहको लागि स्वच्छ र सुरक्षित वातावरणको व्यवस्था गर्ने। साथै,सम्भव भएसम्म छुट्टा-छुट्टै शिबिर एवम् शौचालयको व्यवस्था गर्ने र लैङ्गिक हिंसा (GBV) नियन्त्रण गर्न विशेष ध्यान दिने। | सामाजिक विकास मन्त्रालय, स्थानीय प्रशासन, सुरक्षा निकायहरू र स्थानीय तह |
| | मानसिक तनाबमा परेका व्यक्ति वा समूहलाई मनोसामाजिक परामर्श तथा अन्य आवश्यक स्वास्थ्य सेवा उपलव्ध गराउने। | स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय/ PHEOC |
| | परिवारसँग बिछोड भएका बालबालिकाहरूलाई परिवारसँग मिलन गराउने र परिवार गुमाएका वा एकल बालबच्चाको उचित स्याहार र पालनपोषण व्यवस्था मिलाउन नजिकको आफन्तलाई बुझाउने। | सामाजिक विकाश मन्त्रालय, / PHEOC, नेपाल रेडक्रस सोसाइटी |

| | | |
|---|---|---|
| २ सातादेखि १ महिनाभित्र | विपद् प्रभावितहरूलाई स्वीकृत मापडण्ड बमोजिम लत्ता-कपडा, खाद्यान्न र नगद सहयोग उपलव्ध गराउने। | प्रदेश/जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति, |
| | बन्द भएका शिक्षण संस्थाहरू खुलाउने र विद्यार्थीहरूलाई विद्यालय आउने वातावरण तयार गरी पठनपाठनलाई सामान्य अवस्थामा फर्काउने। | सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरू |
| | आश्रयस्थल तथा शिविरमा उपचार सेवा, विद्यालय, उपभोग्य वस्तु र सार्वजनिक सेवा सञ्चालन र सुरक्षाको प्रवन्ध गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सम्वन्धित महाशाखा र स्थानीय तहहरू |
| | तत्कालीन पुनर्स्थापनाको लागि आवश्यक लेखा-जोखा तथा विश्लेषण गरी बसोबास र तत्कालको जीविकोपार्जन जस्ता प्रमुख क्षेत्रको विकासका कार्यहरूलाई अगाडि बढाउने वातावरण तयार गर्ने। | मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सम्बन्धित महाशाखा र स्थानीय तहहरू |
| | विपद् प्रभावितहरूको खोज, उद्धार तथा राहत, आश्रयस्थल तथा शिविर सञ्चालन र तत्कालीन पुनर्लाभिका कृयाकलापहरूको विश्लेषण सहितको प्रतिवेदन तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय /PEOC |

# भाग -३

## ९. विपद् प्रतिकार्य पूर्वतयारी कार्ययोजनाः-

विपद्, जोखिम तथा न्यूनीकरण व्यवस्थापनको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छः- १) विपद् जोखिमबाट हुन सक्ने क्षतिलाई घटाउने वा क्षतिबाट जोगाउने ।२) विपद् प्रभावितहरूलाई यथाशीघ्र सहयोग सुनिश्चित गर्ने र ३) द्रुत र प्रभावकारी पुनर्लाभको कार्यसञ्चालन गरी स्थितिलाई सहज र सामान्य बनाउने । उक्त कार्यहरू गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाका प्रमुख चरणहरू विपद्को रोकथाम, जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ रहेका छन्। उल्लिखित चरणहरू मध्य पुर्वतयारी कार्ययोजना महत्वपूर्ण चरण हो। प्रभावकारी प्रतिकार्यको लागि प्रदेश, जिल्ला र स्थानीय तहमा छुट्टा-छुट्टै विपद् पूर्वतयारी कार्ययोजना तर्जुमा र कार्यान्वयनको आवश्यकता पर्दछ।

### ९.१. प्रदेश विपद् पूर्वतयारी कार्ययोजनाः

प्रदेश विपद् प्रतिकार्यलाई सक्रिय र प्रभावकारी बनाउन देहाय बमोजिमका निकायहरूले तपसिल बमोजिमको आ-आफ्नो पूर्वतयारी कार्ययोजना बनाउनु पर्नेछ।

| क्र.स | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | प्रदेश पूर्व चेतावनी प्रणालीको लागि रणनीतिक योजना तयार गर्ने। सूचना सञ्जालको विकास गरी प्रदेशस्थित भूकम्प मापन केन्द्र लगायत सबै सरोकारवालाहरूको पहुँच हुने व्यवस्था गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश | जल तथा मौसम बिज्ञान विभाग, फिल्ड कार्यालय भैरहवा नेपालगंज | ६ महिना |
| २ | प्रदेश अन्तर्गत विपद्को सूचना एकै पटक सबै सरोकारवाला निकायहरूमा सम्प्रेषण गर्न छुट्टै एप्स (Apps) को व्यवस्था गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश | नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटी | ६ महिना |
| ३ | विपद् पोर्टलमा पूर्वतयारीको लागि | आन्तरिक मामिला | प्रदेश् आपत्कालीन | ६ महिना |

| क्र.स | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | गरिएका आवश्यक सम्पूर्ण विवरणहरू अद्यावधिक गरी राख्ने । | तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश | कार्यसञ्चालन केन्द्र | |
| ४ | प्रदेश अन्तर्गत द्रुत प्रतिकार्य टोलीको व्यवस्था गर्ने र उक्त टोली कुनै पनि समयमा परिचालन गर्न सक्ने गरी तयारी अवस्थामा राख्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश | सबै सुरक्षा निकायहरू र सबै सरोकारवाला निकायहरू | ६ महिना |
| ५ | प्रदेशभित्र रहेका सबै ईन्धन भण्डारण डिपोहरूमा कम्तीमा ३महिनाको लागि ईन्धन भण्डारण गरी राख्ने। | नेपाल आयल निगम | उद्योग, पर्यटन तथा यातायात मन्त्रालय र Petrolium Dealer Association | ६ महिना |
| ६ | प्रदेशको लागि आपतकालीन सञ्चार आचारसंहिता बनाई स्वीकृत गराई राख्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश | पत्रकार महासङ्घ, PEOC, DEOC र LEOC | ६ महिना |
| ७ | प्रदेश, जिल्ला र स्थानीय तहमा आपतकालीन सञ्चार प्रणालीको स्थापना गरी संवेदनशील र लक्षित स्थानमा प्रसारण गराउने र वैदेशिक सञ्चार माध्यमहरुसँग समेत समन्वय र सहकार्य गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश | पत्रकार महासंङ्घ, रेडियो/एफएमहरू PEOC र DEOC | ६ महिना |
| ८ | विपद्को प्रभावकारी प्रतिकार्यको लागि प्रदेश, जिल्ला र स्थानीय तहमा भएका स्रोत-साधनको सूची एवम् भण्डारण अध्यावधिक गरी, गराई राख्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश | प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति/जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र | ६ महिना |
| ९ | विपद्को तत्काल प्रभावकारी | आन्तरिक मामिला | सबै सुरक्षा | १ वर्ष |

| क्र.स | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | प्रतिकार्यको गर्न खोज, उद्धार र राहतका गैर-खाद्य सामग्री तथा औषधीको भण्डारण व्यवस्थापन गर्ने। | तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश | निकायहरू, विषयगत क्षेत्र नेतृत्व गर्ने मन्त्रालय र सह नेतृत्व गर्ने निकाय र सदस्य संस्थाहरू | |
| १० | विपद्‌को प्रभावकारी प्रतिकार्यको लागि प्रदेश स्थित विषयगत क्षेत्रहरूले विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तथा आकस्मिक योजना (contingency plan) तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश र PEOC | मन्त्रालयका विपद् शाखा, विषयगत क्षेत्र नेतृत्व गर्ने मन्त्रालय र सह नेर्तत्व गर्ने निकाय र सदस्य संस्थाहरू | प्रत्येक वर्ष १ वर्ष |
| ११ | प्रदेश मन्त्रालय, विभाग, कार्यालय, सेवा प्रदायक संघ-सस्था, शैक्षिक र सेवा मूलक निकाय र व्यावसायिक प्रतिष्ठानहरूले विपद्‌को समयमा पनि सेवा निरन्तरता कार्ययोजना (Business Continuity plan) बनाउने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र PEOC, | ६ महिनाभित्र |
| १२ | संघीय सरकारसँग समन्वय गरी गौतम वुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तथा नेपालगञ्ज विमानस्थलको विपद् प्रतिकार्य योजना (Action Plan) तयार गर्ने र प्रतिकार्यको लागि वैकल्पिक विमानस्थलको रूपमा अन्य विमानस्थलको क्षमता विस्तार गर्ने। विमान स्थलमा आवश्यक उपकरण र अन्य स्रोत-साधन एवम् सामग्रीहरू तयारी अवस्थामा राख्ने। | नेपाल नागरिक उडयन प्राधिकरण | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १ वर्ष भित्र |

| क्र.स | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १३ | विपद्को समयमा सहज रूपमा प्रतिकार्य गर्न र खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन कृतिम घटना अभ्यासहरू को कार्य योजना तयार गरी नियमित रूपमा अभ्यास गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सबै सुरक्षा निकायहरू, विषयगत क्षेत्र नेतृत्व गर्ने मन्त्रालय | १वर्ष भित्र |
| १४ | विपद् पूर्वतयारी तथा प्रतिकार्यका सम्बन्धमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त हुने अवस्थामा त्यसको लागि तत्काल गर्नु पर्ने प्रकृयागत व्यवस्थापनका लागि सङ्घिय सरकारसँग समन्वय गरी निर्देशिका तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, क्षेत्रगत अगुवा निकाय | १ वर्ष भित्र |
| १५ | सुरक्षा निकायहरूले निर्दिष्ट मापडण्ड बमोजिम दमकल सहितको विपद् व्यवस्थापनका सामग्रीयुक्त जनशाक्ति सहितको टोली तयारी अवस्थामा राख्ने। | नेपाली सेना, नेपाल प्रहरी, सशत्र प्रहरी बल, नेपाल | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह, प्रदेश, जिल्ला र स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र, | १ वर्ष भित्र |
| १६ | विपद् प्रतिकार्यको लागि अन्तर्राष्ट्रिय खोज तथा उद्धार कार्यमा सहयोग गर्न विभिन्न मित्र राष्ट्रबाट आउने सेना परिचालन गर्ने सम्बन्धमा संघीय सरकारसँग समन्वय गरी प्रदेश सरकारले गर्नुपर्ने सहजीकरण कार्य सहितको निर्देशिका तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सबै सुरक्षा निकायहरू, प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र | १ वर्ष भित्र |
| १७ | विपद् प्रभावित स्थानको स्थलगत कार्य सञ्चालन केन्द्र र बहुराष्ट्रिय सेना | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश आपतकालीन कार्य सञ्चालन | १ वर्ष भित्र |

| क्र.स | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | समन्वय केन्द्रको बारे सङ्घिय सरकारबाट तयार गरिएको कार्यसञ्चालन बिधी अनुसार प्रदेश सरकारले निर्वाह गर्नुपर्ने सहजीकरण कार्यसूची तयार गर्ने। | | केन्द्र, सबै सुरक्षा निकायहरू, अन्तर्राष्ट्रिय सहयोगी निकायहरू | |
| १८ | अन्तर्राष्ट्रिय मानवीय उद्धारकर्मी तथा सहायता समूहको आगमन, कार्यसञ्चालन शेष सामग्रीसहितको बहिर्गमनको लागि संङ्घिय सरकारसँग समन्वय गरी प्रदेश सरकारले सहजीकरण गर्नु पर्ने कार्यको निर्देशिका तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय आपतकालीन कार्य सञ्चालन केन्द्र, सुरक्षा निकायहरू, नेपाल रेडक्रस सोसाईटी, अन्तर्राष्ट्रिय सहयोगी निकायहरू | १ वर्ष भित्र |
| १९ | विपद् प्रतिकार्यको लागि गरिने सबै प्रकारका कार्यहरूको अनुगमन तथा मूल्याङ्कनको लागि विधि तथा मापडण्ड तयार गर्ने। तयार गरिने विधि र मापडण्डमा खण्डीकृत तथ्याङ्कमा महिला तथा लक्षित वर्गमा परेको असर र पाएको राहत समेतलाई सम्बोधन गर्ने । | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, आपत्कालीन कार्य सञ्चालन केन्द्र, सुरक्षा निकायहरू, | १ वर्ष भित्र |
| २० | राष्ट्रिय मापडण्ड अनुकूल हुने गरी विपद् प्रभावितको लागि प्रदेश राहत वितरण मापडण्ड निर्माण गर्ने। | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश आपत्कालीन कार्य | १वर्ष भित्र |

| क्र.स | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | | | सञ्चालन केन्द्र, सुरक्षा निकायहरू | |
| २१ | विपद्को कारण अवरुद्ध भएका विद्युत सेवा प्रतिकार्यको समयमा तत्काल सुचारु गर्न कार्य योजना तर्जुमा गर्ने। | नेपाल विद्युत प्राधिकरण, प्रदेश कार्यालय | भौतिक पूर्वाधार विकास, प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र | १ वर्ष भित्र |
| २२ | विपद्को समयमा जोखिममा परेका घरपालुवा पशुपन्छीको उद्धार गर्ने र तिनीहरूको उचित व्यवस्थापन गर्ने कार्य योजना तर्जुमा गर्ने। यसरी उद्धार गरिएका घरपालुवा पशुपंन्छीको संख्या, पशुधनीको आर्थिक अवस्था समेतको विवरण सङ्कलन गरी अध्यावधिक गरी राख्ने। | राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उद्योग पर्यटन तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र | १ वर्ष भित्र |
| २३ | विपद्को समयमा राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र तथा चिडियाखानाबाट वन्यजन्तु बाहिर निस्किएर गर्न सक्ने मानवीय क्षति रोक्न, जोखिममा परेका र घाईते वन्यजन्तुको उद्धार र उपचार गर्न कार्य योजना तर्जुमा गर्ने। | राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरक्ष | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उद्योग पर्यटन तथा यातायात मन्त्रालय, प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र | १ वर्ष भित्र |
| २४ | विपद्को कारण मृत्यु भएका घरपालुवा र वन्यजन्तुको उचित व्यवस्थापन गर्ने योजना तर्जुमा गर्ने। | स्थानीय पालिकाहरू | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उद्योग पर्यटन, तथा | १ वर्ष भित्र |

| क्र.स | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | | | यातायात व्यवस्था मन्त्राय जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र | |
| २५ | पालिका र अन्तर्गत वडागत रूपमा खुला क्षेत्रको नक्साङ्कन तथा पहुँचको व्यवस्था गर्ने । | स्थानीय पालिकाहरू | भौतिक पुर्वाधार विकास, सहरी विकास तथा खानेपानी मन्त्रालय, प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र | ६ महिना भित्र |
| २६ | विभिन्न स्थानहरूमा भण्डारण गृहको व्यवस्था, नियमित अनुगमन तथा व्यवस्थापनको लागि निर्देशिका बनाई लागु गर्ने | भुमी व्यवस्था कृषि, तथा सहकारी मन्त्रालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उद्योग पर्यटन तथा यातायात मन्त्रालय | ६ महिना भित्र |
| २७ | प्रदेश, जिल्ला तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू बिच सूचना सञ्जाल निर्माण गर्ने र ठूलो विपदमा सम्बन्धित पदाधिकारीहरू तत्काल केन्द्रमा उपस्थित हुने प्रतिकार्यको कार्यसञ्चालन गर्ने व्यवस्था मिलाउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सबै जिल्ला प्राशासन कार्यालय तथा पालिका र आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ३ महिना |
| २८ | प्रदेश तहमा शव/ लास व्यवस्थापन निर्देशिका तयार गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | स्वास्थ्य मन्त्रालय, प्रदेश प्रहरी तथा स्वास्थ्य निर्देशनालय | ६ महिना |
| २९ | स्थानीय शिविर व्यवस्थापन योजना | स्थानीय तहहरू | आन्तरिक मामिला | ६ महिना |

| क्र.स | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | तयार गर्ने र स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | | तथा कानून मन्त्रालय | |
| ३० | स्थानीय तहमा खोज तथा उद्धार कार्यमा सहयोग पुर्याउन स्वयम् सेवकहरूको क्षमता विकासको लागि तालिमहरू उपलब्ध गराउने । | स्थानीय तहहरू | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, नेपाल रेडक्रस अभियान | १ वर्ष |
| ३१ | अस्थायी रूपमा शिविरहरू स्थापना गर्न उपयुक्त स्थानहरूको पहिचानसहित साझा पोर्टल विकास गर्ने । | भौतिक पूर्वाधार विकास मन्त्रालय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय पालिकाहरू<br>नेपाल रेडक्रस सोसाईटी | १ वर्ष |
| ३२ | अन्तर प्रदेश स्रोत परिचालन तथा खर्चको साझेदारी (Resource Sharing) गर्न आवश्यक निर्देशिका तयार गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय | ६ महिना |
| ३३ | प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र र प्रदेशमा रहेका स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्रहरूको कार्यसञ्चालन विधि (SOP) निर्माण तथा अद्यावधिक गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपाल | ६ महिना |

## ९.२. जिल्ला तथा स्थानीय विपद् प्रतिकार्य कार्ययोजनाः-

जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले आ-आफ्नो क्षेत्रको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्बाट स्वीकृत राष्ट्रिय नीति, कार्ययोजनाको मार्गदर्शन तथा प्रदेश विपद् व्यवस्थापन परिषदको निर्णय एवम् जिल्ला तथा स्थानीय क्षेत्रमा विपद् जोखिमको अवस्थाको आंकलन गरी छुट्टा-छुट्टै प्रतिकार्य योजना बनाई लागु गर्न सक्नेछन्।

## १०. प्रदेश प्रदेशबिचको समन्वय, सहकार्य र सहजीकरणः-

नेपालको संविधनको धारा २३३ ले प्रदेश-प्रदेशविच सम्वन्धको व्यवस्था गरेको छ। उक्त धाराको उपधारा (१) मा एक प्रदेशले अर्को प्रदेशको कानुनी व्यवस्था वा न्यायिक एवम् प्रशासकीय निर्णय वा आदेशको कार्यान्वियनमा सहयोग गर्नुपर्ने उल्लेख गरिएको छ। यसैगरी उपधारा (२) मा एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितको विषयहरूमा सूचना आदानप्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनका बारेमा समान्वय गर्न र आपसी सहयोगा विस्तार गर्न सक्नेछ भनी व्यवस्था समेत गरेको देखिन्छ। विपद्को समयमा प्रतिकार्यको लागि एक प्रदेशले अर्को प्रदेशसँग समन्वय, सहकार्य र सहयोग आदानप्रदान गर्दा प्रदेशको प्रमुख सचिव मार्फत अनुरोध गर्नुपर्नेछ। यसरी सहयोगको लागि गरिएको अनुरोधको जानाकारी यथासक्य छिटो नेपाल सरकारको मुख्यसचिव, गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई गराउनु पर्नेछ। प्रदेश-प्रदेशविचको समन्वय, सहकार्य र सहजीकरणको ढाँचा अनुसूची- ५ मा उल्लेख गरिए बमोजिम हुनेछ।

## ११. आदेश तथा निर्देशनको पालनाः-

प्रदेश विपद् प्रतिकार्य कार्यढाँचाको कार्यन्वयन गर्दा, गराउँदा समयमा नेपाल सरकार, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद, कार्यकारी समिति एवम् राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणले दिएको आदेश तथा निर्देशनलाई पालना गर्नु, गराउनु प्रतिकार्यमा संलग्न हुने सबै निकायहरूको कर्तव्य हुनेछ। प्रदेशको हकमा प्रदेश कार्यकारी समितिले दिएको निर्देशनलाई प्रदेशस्थित सबै निकायहरूले पालना गर्नुपर्नेछ ।

# अनुसूचीहरु

## अनुसूची .१ःसन्दर्भ सामग्रीहरू



1. Constitution of Nepal
2. Chaulagain D. (2022). cited in Disaster Profile of Sudurpashchim Province, UNDP, Nepal.
3. (DPRP report, 2016).
4. https://reliefweb.int/report/nepal
5. https//reliefwin Robinson et al. eb.int
6. https://myrepublica.nagariknetwork.com).
7. Jimee. G. K., Kimiro. Meguro. K. and Dixit. A.M. (2019). Nepal, a multi-hazard risk country: Spatio-temporal analysis. Journal of Nepal Geological Society, 2019, vol. 58 (Sp. Issue), pp. 145–152, DOI: https://doi.org/10.3126/jngs.v58i0.24599.
8. MoHA. (2018). Disaster Risk Reduction National Strategic Plan of Action (2018-2030). Ministry of Home Affairs, Kathmandu, Nepal.
9. MoHA. (2018a). National Policy for Disaster Risk Reduction 2018, Ministry of Home Affairs, Kathmandu, Nepal.
10. MoHA (2017). Nepal Disaster Report 2017. Ministry of Home Affair, Kathmandu, Nepal.
11. MoHA. (2013). National Disaster Response Framework, 2013
12. MoHA and UNDP. (2017). National Disaster Report. Kathmandu, Nepal.
13. MoE. (2010). National Adaptation Programme of Action to Climate Change, Ministry of Environment, Kathmandu, Nepal.
14. MoST. (2015). Nepal Earthquake 2015 Rapid Environmental Assessment, Ministry of Science, Technology and Environment, Kathmandu Nepal.
15. MoHA (2009). Disaster Risk Management Strategy 2009
16. Ministry of Internal and Law (2075). Province Disaster Risk Reduction and Management Act, 2075.
17. Nepal Law Commission. (2017). Disaster Risk Reduction and Management Act, 2017. Nepal law Commission, Kathmandu Nepal.
18. NPC (2015). Post Disaster Needs Assessment, 2015, NPC, Singhdurbar, Kathmandu, Nepal
19. NSET. (2018). Nepal DesInventar database, Kathmandu, Nepal.
20. Ministry of internal Affairs and Law (2018). Province Disaster Management Strategy 2075, Far western Province, Dhanagadhi
21. ttps://www.nset.org.np ›.
22. Sendai Framework for Disaster Risk Reduction 2015-2030. 9-11 Rue de Varembé CH 1202, Geneva Switzerland.

## अनुसूची .२: समीक्षा गरिएका कागजातहरूको सूची


1. Constitution of Nepal
2. Disaster Profile of Sudurpashchim Province, UNDP, Nepal.
3. Jimee. G. K., Kimiro. Meguro. K. and Dixit. A.M. (2019). Nepal, a multi-hazard risk country: Journal of Nepal Geological Society, 2019, vol. 58 (Sp. Issue), pp. MoHA. (2018). Disaster Risk Reduction National Strategic Plan of Action (2018-2030). Ministry of Home Affairs, NEOC, 2023, Kathmandu, Nepal
4. Ministry of Home Affairs, Kathmandu, Nepal.
5. Local governance Act 207
6. MoHA. (2018a). National Policy for Disaster Risk Reduction 2018, Ministry of Home Affairs, Kathmandu, Nepal.
7. Nepal Disaster Report 2017. Ministry of Home Affair, Kathmandu, Nepal.
8. National Disaster Response Framework, 2013
9. MoHA and UNDP . (2017). National Disaster Report. Kathmandu, Nepal.
10. National Adaptation Programme of Action to Climate Change, Ministry of Environment, Kathmandu, Nepal.
11. Nepal Earthquake 2015 Rapid Environmental Assessment, Ministry of Science, Technology and Environment, Kathmandu Nepal.
12. Province Disaster Risk Reduction and Management Act, 2075.
13. Disaster Risk Reduction and Management Act, 2017. Nepal law Commission, Kathmandu Nepal.
14. Nepal DesInventar database, Kathmandu, Nepal.
15. Sendai Framework for Disaster Risk Reduction 2015-2030. 9-11 Rue de Varembé CH 1202, Geneva, Switzerland.

## अनुसूची.३: प्रदेश प्रतिकार्य, समन्वय, सहजीकरण र सहकार्य कार्यढाँचा


प्रदेश विपद्कार्यकारी समितिबाट अन्तर्राष्ट्रिय निकायहरुले गर्ने प्रतिकार्यको समन्वय, सहजीकरण र सहकार्य कार्यढाँचा





स्रोत: गृह मन्त्रालय, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ (केही परिमार्जित

## अनुसूची .४ प्रभावित स्थान कार्यसञ्चालन र बहुराष्ट्रिय सैनिक परिचालन कार्यढाँचा

*प्रभावित स्थान कार्यसञ्चालन (On-Site Operation Coordination Center, OSOCC) र बहु राष्ट्रिय सैनिक परिचालन*



## अनुसूची-५ प्रदेशमा विपद् व्यवस्थापन समन्वय कार्यढाँचा



## अनुसूची-६ अन्तर प्रदेश समन्वय, सहकार्य र सहजीकरण

